ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।
- ज्येष्ठ नागरिकलाई सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।
सभ्यताको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर ११ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ८९


## पर्सेली किसानहरू गहुँबालीमा व्यस्त, मलको अभाव टरेन

प्रस, सेढवा, १० मङ्सिर/

धानबालीपछि अर्को मुख्य बाली गहुँ छर्न अहिले किसानहरूलाई भ्याइनभ्याइ भएको छ।

किसानहरू यतिखेर गहुँ रोप्नका लागि आवश्यक उन्नत जातको बीउ, रासायनिक मल, खेतको सरसफाइ तथा जोताइमा लागेका छन । किसानहरूले खेतमा भएका पराल तथा ठुटा जलाउनुका साथै जोताइ गर्न, पानीको मात्रा कम भएको जग्गामा सिंचाइ गर्न व्यस्त छन् ।

यसका साथै जीराभवानी र पटेर्वासुगौली गाउँपालिकाले किसानहरूका लागि ५० प्रतिशत अनुदानमा विजय, एनएल र गौतम प्रजातिका उन्नत बीउ


जीराभवानी गाउँपालिकामा मल लिन सहकारीमा लागेको भीड । तस्वीरः प्रतीक


भारतको इनर्वाबाट ल्याइएको रासायनिक मल पर्साको जगरनाथपुर गापा–२ दसौतामा बिक्रीको लागि राखिएको। तस्वीरः प्रतीक

वितरण गर्दा किसानहरूलाई सहज भएको छ। तर कतिपय किसानहरूले यी जातका बीउबाट राम्रो उत्पादन नभएको भन्दै भारतीय बजारबाट हाइब्रिड जातका गहुँका बीउ खरीद गरी ल्याएका छन् । यी जातका गहुँको बीउबाट प्रतिकट्ठा डेढदेखि दुई मनसम्म उत्पादन हुने किसानहरूले बताए ।

हाइब्रिड जातको बीउबाट प्रतिकट्ठा अढाई मनदेखि पाँच मन गहुँ उत्पादन हुने गर्छ। भारतीय बजार भङ्गाहा, इनर्वा, मैनाटाड, सिकटाबाट नेपाली किसानहरूले श्रीराम ३०३, सुपर ३०३, ए वन ३०३ ब्रान्डका भारतीय गहुँका बीउ ल्याइरहेका छन् । यी बीउको मूल्य प्रतिकिलो ५५ देखि ८० भारु पर्छ ।

किसानहरूले रासायनिक मलका लागि सास्ती भोग्नुपरेको गुनासो गरेका छन् । कतिपय किसानहरूले नेपाल सरकारको अनुदानको मल आउने आशा कम भएको भन्दै भारतीय बजारबाट मल ल्याएका छन् । केही किसानहरूले मात्र यहाँको कृषि सहकारी संस्थाबाट मल लिन सकेका छन् । भारतीय बजारबाट मल ल्याउँदा डिएपी प्रतिबोरा तीन हजार १००, युरिया प्रतिबोरा एक हजार ५०, पोटास तीन हजार ३५० रुपैयाँ पर्न जान्छ ।

कृषि सहकारीबाट मल लिंदा डिएपी प्रतिबोरा दुई हजार ५००, युरिया एक हजारमा पाउने गरेका छन् ।

जीराभवानी गाउँपालिका–२ सेढवामा रहेको मारुतीनन्दन कृषि सहकारीका सञ्चालक सत्यनारायण साहले डिएपी र युरिया मल ल्याइरहेको बताए ।

ठोरी गापा–५ मा रहेको हाम्रो चौतारी कृषि सहकारी संस्थाका अध्यक्ष रूपबहादुर श्रेष्ठले सो क्षेत्रमा तोरी र सुर्ती बाली बढी लगाएको हुँदा बढी भएका रासायनिक मल अन्य पालिकाका किसानहरूलाई वितरण गरेको बताए ।

कृषि सामग्री कम्पनीले भारतबाट ३० हजार मेट्रिक टन युरिया मल भित्रिने क्रम शुरू भएको र जिटुजीको माध्यमले भारतबाट थप ३० हजार मल ल्याउने तयारी भइरहेको बताइरहँदा पर्सेली किसानहरू भने मलको अभाव झेलिरहेका छन् ।

उनीहरूलाई सहकारीमार्फत सहजरूपमा मल उपलब्ध गराउनुपर्नेमा बिचौलियाहरूले यो समयमा चलखेल गरी लुकाउने र महँगो मूल्यमा बिक्री गर्ने परिपाटी छ ।

अहिले पनि सहकारीको माध्यमबाट वितरण गरिएको सूची कृषि सामग्री कम्पनीमा भएपनि ती सहकारीले भने किसानसम्म मल पुऱ्याउन सकेका छैनन् र नेपाली किसानहरू भारतीय मल महँगो मूल्यमा खरीद गर्न बाध्य छन् ।

## पर्साको ३ नं क्षेत्रमा मतपत्रको विषयलाई लिएर विवाद

प्रस, वीरगंज, १० मङ्सिर/

पर्सा क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा राजकुमार गुप्ता विजयी भएको घोषणापछि समानुपातिकको मतगणनामा प्रत्यक्षतर्फको मतपत्र समानुपातिकको मतगणनामा भेटिएको कुरालाई लिएर विवाद बढाइएको छ ।

निर्वाचन अधिकृत योगनाथ ढकालले समानुपातिकको मतगणना आइतवार सकिएपछि मात्र निर्वाचनको आधिकारिक घोषणा गर्ने र सबै कुराको जवाफ सोही बखत दिने बताए। उनले मतगणना जारी रहेको बखत सोसम्बन्धी कुराको जवाफ नदिने बताए ।

हामीलाई प्राप्त समाचार अनुसार मङ्सिर ४ गते मतदान सकिएपछि मतपेटिकाको मुचुल्का गर्दा सो क्षेत्रमा कुल ६४ हजार ४१६ मत खसेको थियो। मतपेटिका खोलेर गणना गर्दा प्रत्यक्षतर्फ खसेको मतभन्दा २७८ मत कम देखिएको थियो। सोमध्ये अहिले समानुपातिकतर्फको मतगणना हुँदा प्रत्यक्षतर्फको ७० मत प्राप्त भएको छ । यसको आधिकारिता आइतवार मात्र निर्वाचन अधिकृतले गर्ने छन् ।

### वास्तविकता भने यस्तो छ

स्रोतकै अनुसार समानुपातितर्फको मतगणनामा बरामद प्रत्यक्षतर्फको ७० वटा मतपत्रमा ३२ वटा एमाले, १९ वटा नेका, १० वटा नेपाल सुशासन पार्टी, छवटा राष्ट्रिय स्वतन्त्र पार्टी र तीनवटा मतपत्र अन्य दललाई प्राप्त भएको छ । गुप्ताले १५१ मतबाट नेकाका सुरेन्द्रप्रसाद चौधरीलाई पराजित गरेको निर्वाचन अधिकृतको कार्यालयले घोषणा गरेको थियो ।

यो आँकडा हेर्दा एमालेका गुप्ता अझ बढी फरक मतले जित्ने देखिन्छ । तर यसको घोषणा निर्वाचन अधिकृतले नगर्दासम्म भन्न सकिंदैन । निर्वाचन अधिकृत ढकालले समानुपातिक मतगणना सकिएको क्षेत्र नं ४ का उम्मेदवारहरूलाई विजयी भएको प्रमाणपत्र शुक्रवार वितरण गरिएको र क्षेत्र नं ३ को समानुपातिकतर्फको मतगणना जारी रहेकाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा जितेका तीनैजनालाई प्रमाणपत्र वितरण कार्य बाँकी रहेको बताए।

## बारामा काङ्ग्रेस साफ, एमाले छ सिटमा विजयी

प्रस, वीरगंज, १० मङ्सिर/

बाराको मतगणना पनि सकिएको छ। शनिवार प्रतिनिधिसभा सदस्यको


तस्वीर : फाइल/प्रतीक

एक क्षेत्र र प्रदेशसभा सदस्यका दुई क्षेत्रको मतगणना सकिएपछि बारामा प्रत्यक्षतर्फको मतगणना पनि सकिएको छ भने समानुपातिकतर्फको भने जारी नै छ ।

आज भएको मतपरिणाम अनुसार बारा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यमा जसपाका रामसहाय यादव दोस्रोपटक निर्वाचित भएका छन्। उनले १३ हजार ८२२ मत पाएर जिते भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका शिवचन्द्र कुशवाहा १३ हजार ४२८ मत पाएर पराजित भए। यसैगरी, क्षेत्र नं १ (१)को प्रदेशसभा सदस्यमा एमालेका त्रिलोकी चौधरी १६ हजार ७१८ मत पाएर विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी नेकाका रमेश दङ्गालले १४ हजार २७० मत पाएर पराजित भए ।

यसैगरी, क्षेत्र नं ३ (२)को प्रदेशसभा सदस्यमा एमालेका महमद समीर आठ हजार ३२३ मतले विजयी भए भने उनका निकटतम प्रतिद्वन्दी जसपाका पारस साह आठ हजार २५५ मत पाएर पराजित भए ।

यसअघि बाराको प्रतिनिधिसभा सदस्यमा क्षेत्र नं १ बाट एमालेका अच्युत मैनाली, क्षेत्र नं २ बाट एमालेकी ज्वालाकुमारी साह र क्षेत्र नं ४ बाट नेकपा एकीकृत समाजवादी पार्टीका कृष्ण श्रेष्ठ विजयी भएका थिए ।

त्यस्तै, प्रदेशसभा सदस्यमा क्षेत्र नं १ (२)बाट जसपाका सरोज यादव, २ (१)बाट स्वतन्त्र उम्मेदवार शारदाशङ्कर कलवार, २ (२)बाट जसपाका बच्चाराउत अहिर, ३ (१)बाट एमालेका रवीन्द्रदास श्रेष्ठ, ४ (१) बाट एमालेका देवनारायण चौधरी, ४ (२)बाट लोसपाका जीतेन्द्रकुमार सोनार विजयी भएका छन्। बारामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य गरी एमालेले छ सिट, जसपाले तीन सिट, लोसपा/नेकपा एकीकृत समाजवादी पार्टी र स्वतन्त्रले १/१ सिट जिते भने काङ्ग्रेस रित्तो भयो।

## निजगढमा अनौठो मेला, रातिको बेला जङ्गलमा लाग्ने मेलाको रौनक छुटै

प्रस, परवानीपुर, १० मङ्सिर/

बाराको निजगढमा अनौठो मेला आयोजना गरिएको छ ।

मङ्सिर ५ गतेदेखि पूजापाठसँगै मेला प्रारम्भ भएको थियो। तर मङ्सिर ६–११ गतेसम्म मेला आयोजना भएको वाक्यकेश्वर महादेव मन्दिर मेला आयोजक समितिका अध्यक्ष नवराज मैनालीले बताए ।







तस्वीरः प्रतीक



निजगढ नपा–९ नदिकट्टा क्षेत्रको करीब पाँच बिघा क्षेत्रफलमा गत वर्षदेखि धार्मिक मेला लगाउन थालिएको हो । जबकि सो स्थानमा आधुनिक किसिमको शिवमन्दिर ८/९ वर्षअघि स्थापना गरिएको थियो। त्यसै मन्दिरको संरक्षण र प्रवर्धनको क्रममा उक्त मेला आयोजना हुने गरेको बताइन्छ।

करीब २० लाखको खर्चमा राति ७–१२ बजेसम्म लाग्ने मेलामा करीब सयभन्दा बढी स्टल राखिएका छन् । रमाइलोको लागि सेल्फी प्वाइन्ट, खेल, तमाशा र सांस्कृतिक कार्यक्रम पनि राखिएका छन् ।

मेलामा प्रकाश सपूत, प्रीति आले, कमल क्षेत्री, कमल खत्री, मेलिना मैनाली, एलिना चौहान, सुरेश लामा, चर्चित टिकटकर प्रीति पासवानलगायतको बेजोड प्रस्तुति छ । शनिवार कमल क्षेत्रीको प्रस्तुति रह्यो भने मेलाको अन्तिम दिन आइतवार प्रकाश सपूत र प्रीति आलेको कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

## विचारसार र सूक्तिहरू

**हाम्रो कारणले कोही रुन्छ भने जीवन व्यर्थ हो तर हाम्रोलागि कोही रुन्छ भने जीवनको अर्थ रहन्छ ।**



| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# संयुक्त परिवार सर्वाङ्गीण विकासको पाठशाला

सनातन संस्कृतिमा चारवटा आश्रममध्ये गृहस्थ मुख्य केन्द्रमा रहेको छ । ऋषि वशिष्ठको शब्दमा– **गृहस्थ एवं यजते गृहस्थस्तप्यते तपः** अर्थात् गृहस्थले नै वास्तविकरूपबाट यज्ञ गर्छ । गृहस्थ नै वास्तविक तपस्वी हो । यसैले चार आश्रममा गृहस्थाश्रम नै सबैको सिरमौर हो, यी सबैको आधार हो ।

**संयुक्त परिवार एकतर्फले धर्मक्षेत्र हो, जसमा निस्स्वार्थ सेवा गरी नाना प्रकारका पुण्यलाभको आर्जन हुन्छ । यसलाई प्रभुसेवा मानेर आध्यात्मिक लाभ लिन सकिन्छ ।**



तस्वीर: सौजन्य

सनातन चिन्तनमा गृहस्थाश्रमको यो महिमा अकारण होइन । परमपूज्य गुरुदेवको शब्दमा– गृहस्थाश्रम विषय भोगको सामग्री होइन, स्वार्थमयी लालसा र पापमयी वासनाको विलास मन्दिर होइन, वरन् दुई आत्माको पारस्परिक सहवासद्वारा शुद्ध, आत्म सुख, प्रेम र पुण्यको पवित्र प्रसाद हो, वात्सल्य र त्यागको लीलाभूमि हो, निर्वाणप्राप्तिको लागि शान्ति कुटीर हो । यस प्रकार गृहस्थ भोगभूमि होइन बरु एउटा तपोवन हो, जसमा विवाह संस्कारको महत्त्वपूर्ण चरणको माध्यमबाट प्रवेश गरिन्छ ।

विवाहबाट मनुष्य समाजको एउटा अङ्ग बन्छ, अपूर्णताबाट पूर्णता प्राप्त गर्छ, निर्बलताबाट सबलतातर्फ अग्रसर हुन्छ । उसलाई नयाँ सम्बन्ध, नयाँ उत्तरदायित्व र नयाँ आनन्द प्राप्त हुन्छ, ऋषिहरूले गृहस्थाश्रमलाई अनेक व्रत, नियम, अनुष्ठान, आतिथ्य सत्कार इत्यादि पुण्य कर्तव्यसँग जोडेर उसको महिमालाई बहुगुणित गरेका छन् । उनीहरूले पारिवारिक व्यवस्थामा प्रेम र वात्सल्य तथा अर्कोतर्फ आफूभन्दा सानोको लागि उसैको हितमा त्याग तथा तपस्याद्वारा यसलाई तपोभूमिको समान पवित्र बनाइदिएका छन् । वस्तुतः सनातन धर्मले गृहस्थको माध्यमले प्रवृत्तिबाट निवृत्तिको मार्गप्रशस्त गर्छ, जसमा स्त्री र पुरुषद्वारा सतीत्व एवं पत्नीव्रतको आदर्श पालन गरिँदै आएको छ ।

यो एउटा ज्ञात तथ्य हो कि गृहस्थमा प्रवेश नहुने अधिकांश व्यक्ति अनेक प्रकारका मानसिक रोगको शिकार हुन्छन् । उनीहरूको आयु कम रहन्छ, मानसिक भावना विकसित हुन सक्दैन, संसारका महत्त्वपूर्ण कार्यमा मन लाग्दैन, मन विपरीत लिङ्गप्रति विकारग्रस्त रहन्छ । अविवाहित पुरुषको उत्पादन शक्ति क्षीण हुन्छ । जबकि विवाहबाट उसमा नयाँ रुचि, उत्साह, स्फूर्ति र प्रेरणा प्राप्त हुन्छ । यस प्रकार अविवाहित स्त्री कुण्ठा, अनिद्रा, प्रमाद, चिन्ता, हिस्टेरिया, प्रजननको गुप्त भावना, स्वार्थी र क्रोधी हुन्छ, जबकि विवाहित स्त्रीको सौन्दर्यमा निखार आउँछ, उसमा दया, प्रेम, सहानुभूति, वात्सल्य, करुणा जस्तो मृदुल भावनाको अभिवृद्धि हुन्छ ।

गृहस्थमा प्रवेशको साथ परिवार–व्यवस्थामा व्यक्तित्व विकासको नयाँ आयाम जोडिन्छ, जसमा संयुक्त परिवारको विशेष भूमिका रहन्छ । वस्तुतः परस्पर सहयोगको भावना आदिकालदेखि नै मनुष्य जातिको उन्नतिको मूल कारण रह्यो । यही कुरा परिवारमा पनि लागू हुन्छ, त्यही परिवार उन्नति गर्न सक्छ, जसमा पारस्परिक सहयोग, सङ्गठन, एकता र सद्भाव रहन्छ । यसको आधारमा संयुक्त परिवारमा सुखशान्ति र सफलतामा आश्चर्यजनक रीतिबाट अभिवृद्धि हुन्छ ।

संयुक्त परिवारमा खर्च पनि कम हुन्छ । अलग–अलग चुलो बाल्दा बढी खर्च हुन्छ । यदि चार भाइ एक साथ रहन्छन् भने चार घरको सट्टा एउटै घरबाट काम चल्छ । अतिरिक्त सजावट, फर्निचर आदिको आवश्यकता रहँदैन । अतिथिको स्वागतमा पनि सरलता रहन्छ । नोकर, भान्से, मेस्तर, चौकीदार आदिमा पनि कम खर्च हुन्छ । गाउँमा अलग–अलग गौपालनको ठाउँमा एउटै गौशालाबाट काम चल्छ । एकअर्काको श्रेष्ठ आचरण र अनुशासित दिनचर्याको प्रभावबाट कैयौं प्रकारका नशा, दुर्व्यसन, दुर्गुण आदिबाट सहजै बच्न सकिन्छ ।

संयुक्त परिवार मनोवैज्ञानिक दृष्टिबाट शिक्षणको साथ संस्कारशालाको काम गर्छ, जसमा बच्चाको तोतेबोली, मातापिताको वात्सल्य, भाइबहिनीको निश्छल प्रेम, पत्नीको आत्मीय स्पर्श, बुजुर्गको आशीर्वाद सहजरूपले उपलब्ध हुन्छन् ।

एक प्रकारले विविध भावहरूको रुचिकर थाल अगाडि रहन्छ, जसलाई ग्रहण गरेर मानसिक क्षुधा तृप्त हुन्छ । बाजे–बजै, हजुरबुबा–हजुरआमाको कथा, ससाना बालबालिका खेल्नु, बाल विनोद, महिलाको गीत–सङ्गीत, गृहकार्य, घरमालिकको पाहुनासँग वार्तालाप, बुजुर्गको धर्मचर्चा आदिले एउटा रोचक र प्रेरणादायक वातावरण तयार गर्छ । संयुक्त परिवार आपत्तिमा ढालसरह काम गर्छ । रोगी भएपछि सेवा–शुश्रूषा र रोगमुक्तिको सम्पूर्ण व्यवस्था सहजरूपले हुन्छ । साथै वृद्धावस्था सन्तोषपूर्वक बित्ने आश्वासन रहन्छ । बच्चा, वृद्ध, विधवा, अपाङ्ग, असहाय, पागल परिजनको लागि एउटा निश्चित आश्रय उपलब्ध रहन्छ ।

बच्चाहरूको लागि संयुक्त परिवार प्राथमिक पाठशालासरह हुन्छ । साथसाथमा खेल्ने–कुद्ने गर्नाले शारीरिक स्वास्थ्य पुष्ट हुन्छ तथा मानसिक विकासले गति समात्छ । ठूला–बुजुर्गहरूबाट केही न केही सिक्ने मौका पाइन्छ । यस्ता घरका युवतीहरू अधिक चतुर, सुसंस्कृत एवं व्यवहारकुशल हुन्छन् । प्रायः एक्ली सन्तान अधिक मायाप्रेमले हुर्कनाले यस्ता लाभहरूबाट वञ्चित रहन्छन् एवं धेरै प्रकारका कमीहरूले ग्रसित हुन्छन् । यस्तोमा पूर्ण विकास केही अवरुद्ध भएको जस्तो हुन्छ । पृथक रहेर बच्चाले त्यति विकास गर्न सक्दैन, जति सुशिक्षित, सुसंस्कृत एवं सात्त्विक प्रकृतिको संयुक्त परिवारमा हुन्छ ।

सामाजिक दृष्टिले संयुक्त परिवार अधिक प्रतिष्ठित मानिन्छ । चारजना व्यक्तिको संयुक्त जनशक्ति हेरेर विरोधीहरूको हौसला पस्त हुन्छ र मित्र आकर्षित हुन्छन् । परिवारको सामाजिक प्रतिष्ठा बढ्छ । सामूहिक शक्तिको बल प्रत्येक सदस्यमा रहन्छ । बाहिरी कुनै विपत्ति आउँदा यस शक्तिको बलमा सबै सदस्य आत्मविश्वासपूर्ण प्रतिकार गर्छन् र यसलाई परास्त गर्ने साहस राख्छन् । अलग–थलग रहँदा जुन वास्तविक शक्ति–सामर्थ्य हुन्छ, त्यो पनि न्यून भएर जान्छ । यस्तो परिवारको सामाजिक मूल्याङ्कन हलुका रहन्छ । यस्तोमा समाज वा राष्ट्रसेवाहितमा कुनै महान् त्यागको आशा गर्न सकिँदैन । किनकि एक्लो व्यक्ति आफ्नै परिवारको पालनपोषण र आश्रितहरूको रेखदेखमा सीमित रहन्छ ।

संयुक्त परिवारमा संयम, निस्स्वार्थ सेवा, सहिष्णुता, त्याग, कर्तव्यपरायणता जस्ता सद्गुणहरूको अभ्यासको अवसर पाइन्छ । आमा–बुबा, दाइ–भाइ, दिदी–बहिनी, सासू–ससुरा, देवर–जेठान, नन्द–आमाजू, जेठानी–देवरानी, हजुरआमाबुबा आदिका सम्बन्धसँग जोडिएका कर्तव्य संयुक्त परिवारमा निर्वाह गर्न सम्भव हुन्छ । यसमा जहाँ सानाहरूले ठूला–बुजुर्गहरूको अनुभवको लाभ लिन्छन्, उनीहरूको वात्सल्य सिञ्चित गर्छन् भने ठूला–बुजुर्गहरूले सानाहरूबाट सम्मान, सेवा–सत्कारको लाभ सहजरूपले पाउँछन् । यसमा खेले–हुर्केको बालपन भावनात्मकरूपले पुष्ट रहन्छ, जुन स्मरणहरू जीवनभरि शक्तिस्रोतको रूपमा साथ रहन्छ ।

संयुक्त परिवार एकतर्फले धर्मक्षेत्र हो, जसमा निस्स्वार्थ सेवा गरी नाना प्रकारका पुण्यलाभको आर्जन हुन्छ । यसलाई प्रभुसेवा मानेर आध्यात्मिक लाभ लिन सकिन्छ । परिवारलाई परमेश्वरद्वारा सुम्पिएको उद्यान मान्न सकिन्छ, जसको हामीले मालीले जस्तै देखभाल एवं सिञ्चन गर्नुपर्छ । यसमा कर्तव्यपालन एक योग–साधना जस्तै हो, जसको आत्मिक लाभ सुनिश्चित छ ।

यसमा आफ्नो निजी स्वार्थलाई आमाबुबा, स्त्री–पुत्र, भाइबहिनी एवं अन्य परिजनहरूसम्म विस्तार गर्दा अहम् भावको स्वाभाविकरूपमा विस्तार हुन्छ । यस अभ्यासलाई अगाडि **'आत्मवत् सर्वभूतेषु'** एवं **'वसुधैव कुटुम्बकम्'**सम्म प्रसारित गर्दा सबैमा आत्मा–परमात्माको दर्शनसम्म गर्न सकिन्छ । यदि यस्तो भएमा बुझौं कि जिउँदैमा जीवनमुक्तिको परम लाभ हस्तगत हुन्छ ।

यस प्रकार संयुक्त परिवार एक सुदृढ गढजस्तै हो, जसमा सबैको सुरक्षादेखि लिएर, भावनात्मक विकास एवं सर्वतोमुखी उन्नतिको मार्ग प्रशस्त हुन्छ । खेदको विषय हो कि आज संयुक्त परिवार कलह र मनोमालिन्यको शिकार हुँदै गइरहेको छ, जसमा मुखियाका कमीकमजोरीहरू मुख्य कारण हुन् । मुखियाबाट परिवारको कुशल सञ्चालनदेखि लिएर सही नेतृत्वको आशा गर्न सकिन्छ, जसले सबै पक्षको कुरा सुनेर निष्पक्ष निर्णय गर्न सकोस् र आगामी कठिनाइहरूको अनुमान लगाएर बच्चा, युवा, स्त्री एवं परिवारका सबै सदस्यको उचित विकासका साथै योग–क्षेमको वहनको व्यवस्था गर्न सकोस् र प्रेम–प्रोत्साहनदेखि लिएर हप्काउने उपयुक्त सुधारात्मक उपायहरूको साथ सबैलाई सन्मार्गमा लैजान सकोस् ।

# दायित्वबाट किन पन्छिन्छ सरकार ?


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**हो, मुद्राको अवैध कारोबार रोक्नुपर्दछ । यसो भन्दैमा पर्यटक आउने मुहान नै रोकिने गरी अव्यावहारिक र औचित्यहीन रवैया अपनाउनुहुँदैन । पर्यटकलाई आत्मीय स्वागत र सम्मान गर्नुको सट्टा सिमानामैं दुर्व्यवहार गर्दा नेपालको छवि खराब भइराखेको छ ।**

सरकार नागरिकको अभिभावक हुनुपर्ने हो । तर उसको अभिभावकीय भूमिकाको अनुभूति हुन पाएको छैन । सरकारसँग राज्यको शक्ति र स्रोत परिचालन गर्ने वैधानिक अधिकार हुन्छ । यो अधिकारको प्रयोगबाट सरकारले देश र जनताको हितमा काम गर्ने र कुनै समस्या आइपरेको अवस्थामा त्यसको समाधान निकाल्ने काम गर्नुपर्दछ । तर सरकार कुनै पनि समस्याको निकासमा काम गर्ने झन्झट बेसाउन चाहँदैन । काम गर्नुको सट्टा सरकार त्यसलाई नियन्त्रण गरेर सजिलो बाटो रोजेको देखिन्छ । राजनीतिक, कूटनीतिक वा आर्थिक कुनै पनि क्षेत्रमा सरकारी भूमिका सकारात्मक देख्न पाइएको छैन ।

केही उदाहरण हेरौं, अहिले भर्खरै सकिएको चुनावका क्रममा कतिपय नेताले फ्री भिसा र टिकटको कुरा गरे । यो राज्यको नीति पनि छ । सरकार स्वदेशमैं रोजगारको अवसर उत्पादन गर्ने कुरा किन गर्दैन ? पटक–पटक राज्यसत्तामा हालीमुहाली गरेका नेता पनि युवालाई बाहिरी देश पठाउने कुरा किन गर्छन् ?

स्वदेशमा उत्पादनको प्रतिस्पर्धी वातावरण बनाउनुभन्दा सरकार आयात नियन्त्रण वा प्रतिबन्धलाई सजिलो उपाय ठान्छ । स्वदेशी उत्पादनलाई कसरी प्रतिस्पर्धायोग्य बनाउन सकिएला भन्दा पनि भन्सार मूल्याङ्कन र महसूल बढाएर स्वदेशी बजारमा मूल्य अराजकता मचाउने चाँजोपाँजो मिलाउँछ । स्वदेशी उद्योगलाई प्रतिस्पर्धी बनाउन त पूँजी, भूमि, श्रम, ब्याज, ऊर्जा, ढुवानीजस्ता सबै आयामहरूलाई प्रतिस्पर्धी बनाउनुपर्ने हुन्छ । यसका लागि मिहिनेत चाहिन्छ । यो झन्झट बोक्नुभन्दा भन्सारमा चलखेल गर्दा काम पनि गर्नु नपर्ने, बरु उल्टै व्यक्तिगत अभीष्ट पनि पूरा हुने भएपछि नेतृत्वले किन लेठा बेसोओस् । यसले सीमित व्यापारी र ती व्यापारीलाई कमाउने चाँजोपाँजो बनाइदिने लोभीपापी नेताहरूको स्वार्थ त पूरा हुन्छ । उपभोक्ताको भने चरम शोषण भइराखेको छ ।

वीरगंजको सीमावर्ती भारतीय बजार रक्सौलको भारतीय उपभोक्ताले एक किलो चिनीको बढीमा ४० भारु तिर्छ । यो नेपाली रुपैयाँ ६४ हुन आउँछ । तर वीरगंजमा चिनीको मूल्य १०० रुपैयाँको हाराहारीमा छ किन ? भारतले अहिले चिनी निकासीमा प्रतिबन्ध लगाएको छ । एकपटक सरकार आफैंले चिनीको सन्दर्भ मूल्य बढाएर र उच्च दरको राजस्व लगाएर स्वदेशका माफियाहरूलाई कमाउने मौका मिलाइदिएको थियो । त्यसको समयान्तरमैं तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले चिनी उद्योगीले आफूलाई झुक्याएको स्वीकार गरेकै हुन् ।

भारतीय बजारमा नेपाली रुपैयाँ ६४ मा पाउने चिनी नेपालका उपभोक्ताले स्थानीय बजारमा किन १०० रुपैयाँ हाल्नुपर्ने ? भारतका चिनी उद्योगले ४० भारुमा उपभोक्तालाई चिनी खुवाउन सक्ने, नेपालका उद्योगको कारखाना मूल्य नै ८० रुपैयाँभन्दा बढी किन ? चिनी उद्योगले आफूलाई प्रतिस्पर्धी बनाउन किन नसकेको ? प्रतिस्पर्धाको माहोल बनाउन नसक्ने सरकार र प्रतिस्पर्धी बन्नुभन्दा भन्सारमा हुने चलखेलकै भरमा आय सुरक्षित गर्न रुचाउने उद्यमीको स्वार्थको भारी उपभोक्ताले किन उठाउनुपर्ने ?

आज भारतमा वस्तु तथा सेवा करमार्फत न्यून आय भएका उपभोक्तालाई राहत दिने गरी करमा बहुदर अपनाइएको छ । यसले त्यहाँका आमउपभोक्तालाई मूल्यमा राहत दिएको छ । नेपालमा पनि बढ्दो मूल्यवृद्धिको कहरबाट उपभोक्तालाई थोरै भएपनि राहत दिन यो उपायमा जान सकिने सुझाव नआएको होइन । तर हामीकहाँ मूल्य अभिवृद्धि कर (भ्याट)मा बहुदरको माग हुन थालेको दुई दशकभन्दा लामो समय बितिसक्दा पनि सरकार यसमा तत्पर किन देखिएको छैन ?

सरकार आफ्नो जनशक्ति र प्रविधि दक्ष नभएको भनेर पन्छिदै आएको छ । भ्याट लागू भएको अढाई दशकसम्म जनशक्तिलाई दक्ष बनाउन नसक्ने संयन्त्रको औचित्य के ? यो काम चोर प्रवृत्तिको पुनरावृत्तिबाहेक केही पनि होइन । कतिसम्म भने भ्याटमा बहुदर नहुँदा भान्सामा खपत हुने अत्यावश्यकीय खानेतेलदेखि हुनेखानेहरूले प्रयोग गर्ने विलासी गाडी र त्यसमा प्रयोग हुने तेलसम्ममा समानरूपमा १३ प्रतिशत भ्याट लिने गरिएको छ ।

सरकारी अकर्मण्यताको अर्को उदाहरण हेरौं, सरकारले नेपालबाट हुन सक्ने भारतीय रुपैयाँको अवैध ओसारपोसार नियन्त्रणको काममा कम मिहिनेत गर्न परोस् भन्नकै लागि अहिलेसम्म भारतीय रुपैयाँ ५०० र २००० का नोटमा प्रतिबन्ध लगाएको छ । नेपालमा भारुलाई पूर्ण प्रतिबन्ध लगाए भयो, होइन भने भारतमा निर्बाधरूपमा चलेका नोटलाई नेपालमा रोकेर अप्ठेरो बेसाउनुको के अर्थ ? नेपालमा १०० रुपैयाँका नोट मात्र आधिकारिकरूपमा चलनचल्तीमा छन् । ठूलो दरका नोटमा प्रतिबन्ध लगाउनुको कुनै चित्तबुझ्दो औचित्य देखिएको छैन ।

नेपाल राष्ट्र बैंकका अधिकारीहरू ठूलो नोटको चलनलाई मान्यता दिंदा यसको अवैध ओसारपोसार सहज हुने बताउँछन् । यसो हो भने के सिमानामा खटिएका प्रहरी सुरक्षाकर्मी अक्षम हुन् ? कि उनीहरूले आफ्ना जिम्मेवारी राम्ररी पूरा गरेका छैनन् ? नेपाल राष्ट्र बैंकले आफ्नो व्यवस्थापकीय कमजोरी लुकाउन सर्वसाधारणलाई किन सकस दिने ? यो हदसम्मको आशङ्का उत्पन्न हुने गरी लगाइएको प्रतिबन्धले अन्ततः नेपालको पर्यटन व्यवसायलाई नै आघात पारेको छ । यही प्रतिबन्धकै कारण भारतबाट नेपाल भित्रिने पर्यटक समस्यामा पर्दै आएका छन् । जसका कारण नेपालको पर्यटन व्यवसायमा गम्भीर असर परेको छ ।

भारतबाट आएका पर्यटकले सीमा क्षेत्रमा समस्या झेल्नुपरेपछि उनीहरू पक्कै पनि यता आउन उत्साहित हुँदैनन् । यसबाट नेपालको पर्यटन क्षेत्रको छवि बिग्रिन्छ । नेपाल आउने सबैभन्दा बढी पर्यटक भारतीय नै हुन् । भारतीय पर्यटकलाई सिमानामा दुर्व्यवहार खेप्नुपरेपछि नेपालको पर्यटन के होला ? नेपाल आउने भारतीय पर्यटकले ५०० र २००० दरका नोट बोकेको भेटिएमा सिमानामा खटिएका सुरक्षाकर्मीले नोट जफत गर्ने र पर्यटकलाई जेल हाल्नेसम्मका काम भएका छन् । हालैमात्र एकजना भारतीय पत्रकार एक वर्षको जेल सजाय काटेर मुक्त भएका छन् । अवैध काम गर्नेहरूले उन्मुक्ति पाउने, तर गलत नियत नभएर पनि केही रुपैयाँ बोकेर आएकाहरू थुनामा पर्नेजस्ता कामले हाम्रो छवि खराब भइरहेको छ ।

खासमा सरकारी संयन्त्र भारुको अनधिकृत ओसारपोसार नियन्त्रणमा चनाखो भएर काम गर्नुभन्दा प्रतिबन्धलाई नै हाइसन्चो ठानेको उनीहरूको बोली र व्यवहारबाट प्रस्ट हुँदै आएको कुरा हो । नेपालले डलर तिरेर भारु किन्नुपर्दछ । यसरी किनिएको भारु भारतीय मालवस्तु किन्न पुनः भारततिरै जान्छ । नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो । त्यसमा पनि भारतबाट १० खर्ब रुपैयाँको मालसामान आउँदा नेपालबाट हुने निर्यात भनेको एक खर्ब रुपैयाँको हाराहारीमा मात्रै हुन्छ । हामी अनुमान गर्न सक्छौं कि हामीलाई भारुको कति खाँचो छ ? भारु आर्जनको उपाय भनेको कि निकासी व्यापार हो, कि त पर्यटन हो । निकासीको डालो साँघुरिंदै गएको अवस्थामा भारतबाट आउने पर्यटक पनि सिमानामैं सास्ती खेप्न बाध्य भएको अवस्थामा भारु आर्जन कसरी होला ?

पर्यटक पैसा खर्च गर्ने र मनोरञ्जनका लागि आउने भएकाले धेरै पैसा लिएर आएको हुन्छ । एक सय दरका धेरै नोट बोकेर हिंड्न पनि झन्झट हुन्छ । कतिपयलाई नेपालमा कुन नोट चल्छ, कुन चल्दैन भन्ने जानकारी नहुन पनि सक्छ । यस्ता पर्यटकलाई सहजीकरण गरेर धेरैभन्दा धेरै खर्च गर्ने वातावरण बनाउनुको सट्टा सिमानामैं केरकार गरेर थुनामा हाल्ने हो भने किन आउँछ पर्यटक ? भारतमा चल्ने जुनसुकै दरका भारु नोट बोकेर सिमानामा आइपुगेको पर्यटकलाई आफूसँग भएको नोटको स्वघोषणा गरेर सहजतापूर्वक स्वागत गर्नुपर्नेमा सरकार यो सुझावमा निरन्तर उदासीन देखिएको छ ।

हो, मुद्राको अवैध कारोबार रोक्नुपर्दछ । यसो भन्दैमा पर्यटक आउने मुहान नै रोकिने गरी अव्यावहारिक र औचित्यहीन रवैया अपनाउनुहुँदैन । पर्यटकलाई आत्मीय स्वागत र सम्मान गर्नुको सट्टा सिमानामैं दुर्व्यवहार गर्दा नेपालको छवि खराब भइराखेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ब्रजीलको विद्यालयमा गोली चल्दा तीनजनाको मृत्यु, ११ जना घाइते

ब्राजिलिया, १० मङ्सिर/एएनआई

ब्रजीलको एस्पिरिटो सान्तो राज्यको दुईवटा विद्यालयमा शुक्रवार एक बन्दुकधारीले गोली चलाउँदा कम्तीमा तीनजनाको मृत्यु भएको छ भने ११ जना गम्भीर घाइते भएको सिएनएनले ब्रजीलका अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

ब्रजीलमा विद्यालयमा गोली चलाउने बन्दुकधारीले सेमीअटोमेटिक हतियार बोकेको क्यामेरा फुटेजमा देखिएको छ। अनुहार छोपेको सो व्यक्तिले सेनाको पोशाक लगाएको देखिएको छ।

यद्यपि गोली प्रहार गर्ने व्यक्ति १६ वर्षीय भएको आशङ्का गरिएको छ। सिएनएनका अनुसार उक्त राज्यको राजधानी भिक्टोरियाबाट ५० माइल उत्तरमा रहेको सानो शहर अराक्रुजमा सो आक्रमण भएको थियो।

एस्पिरिटो सान्तोका गभर्नर रेनाटो कासाग्रान्डेले शुक्रवार ट्वीट गर्दै, "सुरक्षा टोलीले आक्रमणकारीलाई पक्राउ गरेको छ, जसले कायरतापूर्वक अराक्रुजका दुई विद्यालयमा आक्रमण गरेको थियो।

मैले अपुरणीय क्षतिको लागि शोकको रूपमा तीन दिनको आधिकारिक शोक घोषणा गरेको छु। हामी घटनाको कारणबारे अनुसन्धान जारी राख्नेछौं र चाँडै नै निष्कर्षमा पुग्नेछौं।"

गभर्नरका अनुसार, "प्रिमो बिट्टी स्कूल र प्रिया डे कोक्वेरल शैक्षिक केन्द्रमा आक्रमण भएको थियो।" ब्रजीलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सो घटनाबारे ट्वीट गर्दै अराक्रुज विद्यालयमा भएको आक्रमणले आफू दुःखी भएको र पीडितलाई क्षतिपूर्ति दिलाउने बताए। रासस



घटनापछि विद्यालयअगाडि एकत्रित भएका स्थानीय र अभिभावक। तस्वीरः एएफपी

## पाँच लाख सुडानीलाई थप सहायता आवश्यक

जुबा (दक्षिण सुडान), १० मङ्सिर/एपी

संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानमा आगामी वर्ष थप पाँच लाख नागरिकलाई मानवीय एवं सुरक्षा सेवा आवश्यक पर्ने बताएको छ।

दक्षिण सुडानको मानवीय आवश्यकतासम्बन्धी राष्ट्रसङ्घले शुक्रवार सार्वजनिक गरेको प्रतिवेदनमा एक करोड २४ लाख जनसङ्ख्या रहेको सुडानका एक तिहाइ नागरिकले गम्भीर खाद्य असुरक्षा सामना गरिरहेको जनाइएको छ। प्रतिवेदनमा हिंसा र द्वन्द्वले देशको मानवीय अवस्था बिग्रिएको देखाइएको छ।

स्वास्थ्य चुनौती, खडेरी, जलवायु परिवर्तनका असरका कारण सुडानीलाई मानवीय सहयोग अपरिहार्य भएकामा प्रतिवेदनले जोड दिएको छ। अपर नाइल र इक्वेटोरिया राज्यमा सर्वाधिक सहायता आवश्यक परेको छ।

मानवीय सहायताको आवश्यकतालाई घटाउन देशमा शान्ति सुव्यवस्थाका साथै विकासलाई केन्द्रीय प्राथमिकतामा राख्न सरकारलाइ आग्रह गर्दै प्रतिवेदनमा सन् २०१८ मा भएको शान्ति सम्झौतालाई जोखिममा पार्ने कुनै किसिमका गतिविधि हुन नहुनेमा जोड दिइएको छ। हिंसाले समस्याको समाधान नहुने भएकाले सम्बद्ध पक्षलाई शान्तिको मार्ग अपनाउन उक्त विश्वसंस्थाले अपील पनि गरेको छ। रासस

## अर्को वर्ष विद्युत् कटौती अन्त्य गर्ने श्रीलङ्काको योजना

कोलम्बो, १० मङ्सिर/सिन्ह्वा

श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिवार पत्रकारलाई आगामी जनवरीसम्ममा निर्बाध विद्युत् आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपाय अपनाउने बताएका छन्।

श्रीलङ्काले फेब्रुअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ। कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो। जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ।

हुने भन्दै उनले विद्युत् महसूल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताएका छन्।


श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेरा। तस्वीरः सिन्ह्वा

मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महीनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन्।

हरेक वर्ष माघ र असार महीनामा विद्युत् महसूल परिमार्जन गर्नु उपयुक्त

मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलङ्काका लागि ऊर्जाको उत्तम स्रोत पनि हो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – ज्ञानोदय | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



दाइजोप्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं।

वीरगंज महानगरपालिका कार्यालय


## अन्तर्राष्ट्रिय सहायताको रु ३६ अर्ब ९० करोड शोधभर्ना हुन बाँकी

काठमाडौं, १० मङ्सिर/रासस

वैदेशिक ऋण र अनुदानबाट स्रोत बेहोरिने गरी वार्षिक बजेटमा राखिएका योजना तथा कार्यक्रमको करीब रु ३७ अर्ब शोधभर्ना हुन बाँकी रहेको देखिएको छ।

महालेखा नियन्त्रकको कार्यालयले तयार पारेर अघिल्लो हप्ता अर्थ मन्त्रालयलाई बुझाएको गत आर्थिक वर्ष २०७८/७९ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण अनुसार विभिन्न दातृ निकायबाट रु ३६ अर्ब ९० करोड २२ लाख ५७ हजार ४५४ शोधभर्ना हुन बाँकी रहेको देखिएको हो। जसमध्ये वैदेशिक अनुदानतर्फ रु १५ अर्ब २७ करोड ८५ लाख ४६ हजार २१० शोधभर्ना प्राप्त गर्न बाँकी छ। त्यस्तै, वैदेशिक ऋणको रु २१ अर्ब ६२ करोड ३७ लाख ११ हजार २४४ शोधभर्ना हुन बाँकी रहेको देखिन्छ।

सरकारले हरेक वर्ष ल्याउने वार्षिक बजेटको आकारको तुलनामा सरकारी राजस्व न्यून हुने गरेको छ।

जसकारण विभिन्न दातृ निकायबाट ऋण र अनुदान लिएर सरकारले घाटा बजेट पूर्ति गर्छ। तर दातृ निकायबाट लिएको ऋण र अनुदानको रकम भने समयमैं सरकारको खातामा आउन सकेको देखिंदैन।

महालेखा नियन्त्रकको कार्यालयले तयार पारेको गत आर्थिक वर्षको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण अनुसार सबैभन्दा बढी स्थानीय तहले खर्च गरेको रकमको शोधभर्ना पाउन बाँकी छ।

गत असार मसान्तसम्ममा स्थानीय तहले रु १४ अर्ब नौ करोड एक लाख ८५ हजार ३६८ शोधभर्ना लिन बाँकी छ। जसमध्ये अनुदानतर्फको शोधभर्ना बाँकी रकम रु चार अर्ब ११ करोड ६८ लाख ५५ हजार २०४ र वैदेशिक ऋणतर्फको शोधभर्ना बाँकी रकम नौ अर्ब ९७ करोड ३३ लाख ३० हजार १६४ बराबर छ।

त्यस्तै, प्रदेशको रु आठ अर्ब ५१ करोड १८ लाख ५२ हजार ८९२ शोधभर्ना हुन बाँकी छ। जसमध्ये अनुदानतर्फ रु चार अर्ब ९५ करोड ६७ लाख ५६ हजार ८९२ र ऋणतर्फ रु तीन अर्ब ५५ करोड ५० लाख ९६ हजार शोधभर्ना हुन बाँकी रहेको देखिन्छ।

सरकारको सङ्घीय सञ्चित कोष व्यवस्थापन गर्ने निकाय अर्थ मन्त्रालयले समेत शोधभर्ना लिन बाँकी छ। गत असार मसान्तसम्ममा अर्थ मन्त्रालयले रु १३ करोड ५८ लाख ७२ हजार १४४ अनुदान शोधभर्ना लिन बाँकी छ।

त्यस्तै, वित्तीय व्यवस्थातर्फको रु १३ अर्ब ८५ करोड ५३ लाख १९ हजार ४७४ ऋण रकम पनि शोधभर्ना भएको देखिंदैन।

शोधभर्ना पाउन बाँकी अनुदान रकमतर्फ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मात्रै रु चार अर्ब ४५ करोड ८८ लाख ८७ हजार ९४७ बाँकी छ। त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले रु १९ करोड ४५ लाख ७९ हजार ९१५, गृह मन्त्रालयले रु ६५ करोड ४३ लाख ६० हजार १५९, शहरी विकास मन्त्रालयले रु १७ करोड ३१ लाख ५४ हजार ९८७ र स्वास्थ्य मन्त्रालयले रु २८ करोड १६ लाख २६ हजार २२ बराबर शोधभर्ना लिएको छैन।

अन्तर्राष्ट्रिय सहायताको रकम शोधभर्ना हुन नसक्दा त्यसको नकारात्मक असर अर्थतन्त्रमा देखिन्छ। गत चैत १५ गते बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ४९औं बैठकले अन्तर्राष्ट्रिय विकास सहायताबाट सञ्चालित योजना तथा कार्यक्रममा सरकारले पाउनुपर्ने रकम लामो समयसम्म शोधभर्ना हुन नसक्दा यसले नेपालको विदेशी मुद्रा सञ्चितिमा समेत नकारात्मक असर देखिएको भन्दै त्यसबारे अध्ययन गर्न कार्यदलसमेत गठन गरेको थियो।

त्यस्तै, महालेखा परीक्षकको ५९औं प्रतिवेदनले पनि वैदेशिक सहायताको शोधभर्ना पाउन नसक्नु गम्भीर समस्याका रूपमा रहेको औंल्याएको छ।

"शोधभर्ना प्राप्त हुनुपर्ने ऋण तथा अनुदानको स्पष्ट देखिने गरी आयोजनागत, दातागत, प्रदेश तथा स्थानीय तहगत देखिने गरी लेखाङ्कन र अभिलेख गरिनुपर्छ," महालेखा परीक्षकको प्रतिवेदनमा भनिएको छ।

## निर्वाचन अद्यावधिकः एमालेले समानुपातिकतर्फ १८ लाख मत कटायो, काङ्ग्रेस दोस्रो

काठमाडौं, १० मङ्सिर/रासस

प्रतिनिधिसभा र प्रदेशसभातर्फको समानुपातिकको मतगणना जारी छ। प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले)ले सुरुआतदेखि नै अग्रता कायम गरिरहेको छ। यद्यपि प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली काङ्ग्रेस अगाडि छ।

निर्वाचन आयोगको तथ्याङ्क अनुसार बिहान १०:३० सम्म एमालेले १८ लाख नौ हजार ४१७ मत प्राप्त गरेको छ। काङ्ग्रेसले १७ लाख ४४ हजार ६९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीले सात लाख ८७ हजार ७४७, नेकपा (माओवादी केन्द्र)ले सात लाख ६७ हजार ३०६ मत प्राप्त गरेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख तीन हजार ७९, जनता समाजवादी पार्टीले दुई लाख १६ हजार ९४३, नेकपा (एकीकृत समाजवादी)ले एक लाख ६४ हजार ८५६, नागरिक उन्मुक्ति पार्टीले एक लाख ५६ हजार ५८२ र जनमत पार्टीले एक लाख ४८ हजार ४०४ मत प्राप्त गरेका छन्।

प्रदेश नं १ को प्रदेशसभातर्फ पनि एमाले अगाडि देखिएको छ। एमालेले तीन लाख पाँच हजार ४०८ मत प्राप्त गरेको छ। काङ्ग्रेसले दुई लाख ७० हजार ९५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले ९६ हजार ६०४, माओवादी केन्द्रले ८६ हजार २७५, जनता समाजवादी पार्टीले ३९ हजार २५ र एकीकृत समाजवादीले २४ हजार ५० मत प्राप्त गरेको छ।

मधेस प्रदेशमा भने नेपाली काङ्ग्रेस अगाडि छ। मधेसमा काङ्ग्रेसले एक लाख ४२ हजार ३२४ मत पाउँदा एमालेले एक लाख १४ हजार ७७५, जसपा नेपालले ९९ हजार ५६, जनमत पार्टीले ७७ हजार ५०१, माओवादी केन्द्रले ५१ हजार १६०, लोसपाले ३८ हजार ४७ र एकीकृत समाजवादीले ३३ हजार ११८ मत प्राप्त गरेका छन्।

वाग्मती प्रदेशसभामा एमाले तीन लाख १६४ मतसहित अगाडि छ। काङ्ग्रेसले दुई लाख ६२ हजार ५४४, राप्रपाले एक लाख ५८ हजार २२, माओवादी केन्द्रले एक लाख ४२ हजार ११८, नेपाल मजदूर किसान पार्टीले ५९ हजार ५६८ मत प्राप्त गरेका छन्।

गण्डकी प्रदेशसभामा एमालेले दुई लाख ९१ हजार १०५ मत पाएको छ। काङ्ग्रेसले दुई लाख ६८ हजार ८८०, माओवादी केन्द्रले एक लाख सात हजार ६५६ र राप्रपाले ५१ हजार ८ मत प्राप्त गरेका छन्।

लुम्बिनी प्रदेशसभामा एमालेले तीन लाख ८३ हजार ७८९, काङ्ग्रेसले तीन लाख ४६ हजार ७०८, माओवादी केन्द्रले एक लाख ३५ हजार ९०४, राप्रपाले ८३ हजार ८९३, नागरिक उन्मुक्ति पार्टीले ५० हजार १४३ र जनता समाजवादी पार्टीले ५० हजार ९० मत पाएका छन्।

कर्णालीमा माओवादी केन्द्र अगाडि छ। माओवादीले ८४ हजार २९५ मत पाउँदा एमालेले ८३ हजार ९४९, काङ्ग्रेसले ६६ हजार ९११, एकीकृत समाजवादीले १९ हजार ९१५ मत प्राप्त गरेका छन्। सुदूरपश्चिम प्रदेशसभामा एमालेले एक लाख ९० हजार ५७७, काङ्ग्रेसले एक लाख ७९ हजार ७२२, माओवादी केन्द्रले ८५ हजार २४७, नागरिक उन्मुक्ति पार्टीले ५२ हजार ६०५ र एकीकृत समाजवादीले ३३ हजार ३७५ मत प्राप्त गरेका छन्।

### प्रत्यक्षतर्फ काङ्ग्रेस अगाडि

प्रतिनिधिसभाको प्रत्यक्षतर्फका कुल १६५ निर्वाचन क्षेत्रमध्ये हालसम्म ११८ क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ काङ्ग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छन्।

हालसम्म नेपाली काङ्ग्रेस ३९ स्थानमा विजयी भएको छ। एमाले ३२, माओवादी केन्द्र १३, एकीकृत समाजवादी सात, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पाँच/पाँच, लोकतान्त्रिक समाजवादी पार्टी चार, राष्ट्रिय जनमोर्चा र नेपाल मजदूर किसान पार्टी एक/एक तथा पाँच स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

आयोगका अनुसार जारी मतगणनामा काङ्ग्रेस १५, एमाले ११, माओवादी केन्द्र पाँच, एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी तीन/तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनता समाजवादी पार्टी एक स्थानमा अगाडि छन्। दोलखा, स्याङ्जा र बाजुराका तीन क्षेत्रमा मतगणना हुन सकेको छैन।

प्रदेशसभाको प्रत्यक्षतर्फ काङ्ग्रेस चार, एमाले दुई र माओवादी केन्द्र एक प्रदेशमा अगाडि छन्। वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा काङ्ग्रेस अगाडि छ। प्रदेश नं १ र मधेसमा एमाले तथा सुदूरपश्चिम प्रदेशमा माओवादी केन्द्र अगाडि छ। प्रदेश नं १ मा एमाले १८, काङ्ग्रेस ११, माओवादी केन्द्र छ, राष्ट्रिय प्रजातन्त्र पार्टी दुई स्थानमा विजयी भएका छन्। मधेसमा एमाले १२, काङ्ग्रेस १२, जसपा आठ, लोसपा सात, जनमत पार्टी छ, माओवादी चार र स्वतन्त्र छ स्थानमा विजयी भएका छन्।

वाग्मतीमा काङ्ग्रेस १८, एमाले नौ, माओवादी सात, राप्रपा पाँच, एकीकृत समाजवादी चार, नेपाल मजदूर किसान पार्टी र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा विजयी भएका छन्। गण्डकीमा काङ्ग्रेस १४, एमाले १२, माओवादी केन्द्र तीन र एकीकृत समाजवादी एक, लुम्बिनीमा काङ्ग्रेस १४, एमाले १२, माओवादी चार, जसपा, नागरिक उन्मुक्ति पार्टी र लोसपा दुई/दुई, राप्रपा र जनमत पार्टी एक/एक तथा स्वतन्त्र तीन स्थानमा विजयी भएका छन्।

कर्णाली प्रदेशमा काङ्ग्रेस र माओवादी छ/छ, एमाले दुई र स्वतन्त्र उम्मेवार एक तथा सुदूरपश्चिम प्रदेशमा माओवादी सात, काङ्ग्रेस छ, नागरिक उन्मुक्ति पार्टी र एमाले दुई/दुई तथा स्वतन्त्र उम्मेदवार एक स्थानमा विजयी भएका छन्।

# सप्तरीबाट प्रतिनिधिसभामा दुई काङ्ग्रेस, एक/एक स्थानमा जनमत र जसपा

सप्तरी, १० मङ्सिर/रासस

चार निर्वाचन क्षेत्र रहेको सप्तरीबाट प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसले दुई, जनमत र जसपा पार्टीले एक/एक सिट जितेका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार सप्तरी क्षेत्र नं ४ बाट नेपाली काङ्ग्रेसका तेजुलाल चौधरी तेस्रोपटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । उनले २३ हजार ४९१ मत प्राप्त गरी तेस्रोपटक प्रतिनिधिसभा सदस्यमा विजयी भएको निर्वाचन अधिकृत विश्वबन्धु पौडेलले जानकारी दिए । उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टीका बालकिशोर यादवले १७ हजार ९७७ मत प्राप्त गरेका छन् । काङ्ग्रेसका चौधरी २०७४ सालको निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए । तत्कालीन राजपाका मृगेन्द्रसिंह यादवलाई पराजित गर्दै २४ हजार ११३ मत प्राप्त गरी उनी विजयी भएका थिए। यसअघि उनी २०७० सालमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए ।

क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसकै उम्मेदवार दिनेशकुमार यादव २६ हजार १६६ मत ल्याएर निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का ताराकान्त चौधरीले २२ हजार ३०० मत ल्याएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । सप्तरी-२ बाट जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिएका जनमत पार्टीका अध्यक्ष डा सिके राउत विजयी भएका छन् । जनमत पार्टीका अध्यक्ष राउतले ३५ हजार ४२ मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका अध्यक्ष यादवले १६ हजार ९७९ मत प्राप्त गरे । जसपा अध्यक्ष यादवको भन्दा राउतले १८ हजार ६३ मत बढी ल्याएर विजयी भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यस्तै, जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार नवलकिशोर साह सप्तरी क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । जसपाका साहले २३ हजार ५६४ मत प्राप्त गरी निर्वाचित भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका जयकान्त राउतले १९ हजार ९९२ मत प्राप्त गरे । सप्तरीमा आठवटा प्रदेशसभा सदस्य सिट रहेकामा यसको पनि मतगणना सकिएको छ । अन्तिम मतपरिणाम अनुसार प्रदेशसभा १ को (१)मा एमालेका राजकुमार लेखी र (२)मा जनमतका सकिल मियाँ, प्रदेशसभा २ को (१)मा जनमतका सतिशकुमार सिंह र (२)मा जनमतकै महेशप्रसाद यादव निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए ।

यस्तै, प्रदेशसभा ३ को (१)मा काङ्ग्रेसका मोहम्मद समिम र (२)मा जनमतका शम्भुकुमार साह तथा प्रदेशसभा ४ को (१)मा एकीकृत समाजवादीका गोविन्द न्यौपाने र २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्धप्रसाद सिंह निर्वाचित भएका हुन् ।

सप्तरी निर्वाचन क्षेत्र नं १ मा एक लाख १३ हजार ९९५ मतदाता रहेकामा ७४ हजार ५५३ मत खसेको थियो । सप्तरी क्षेत्र नं २ मा भने ९५ हजार ३९४ मध्ये ६४ हजार २७७ मत खसेको र सप्तरी क्षेत्र नं ३ मा एक लाख चार हजार ८९२ मतदाता रहे पनि ७१ हजार ३३१ मत खसेको जिल्ला निर्वाचन कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । यस्तै, सप्तरी क्षेत्र नं ४ मा भने एक लाख चार हजार ८९३ मतदाता रहेका भएपनि यस क्षेत्रमा ६९ हजार ३९ मत खसेको थियो ।

**सर्लाही-२ मा वाम-लोकतान्त्रिक गठबन्धनबाट राय विजयी**

सर्लाहीको क्षेत्र नं २ बाट नेपाल समाजवादी पार्टीका महेन्द्रराय प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । उनले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार राजेन्द्र महतोलाई दुई हजार १३ मतान्तरले पराजित गर्दै जीत निकालेको मुख्य निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ ।

वाम-लोकतान्त्रिक गठबन्धनबाट साझा उम्मेदवार बनेका नेपाल समाजवादी पार्टी (नेसपा)का रायले नेकपा (माओवादी केन्द्र)को निर्वाचन चिह्न लिएर २३ हजार ५२९ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी लोसपाका महतोले २१ हजार ५१६ मत पाएको मुख्य निर्वाचन अधिकृत कविप्रसाद न्यौपानेले जानकारी दिए ।

उनका अनुसार विजयी भएका राय विसं २०७४ को निर्वाचनमा पनि यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने लोसपाका महतो विसं २०७४ मा नेकपा (एमाले)को सहयोगमा धनुषा क्षेत्र नं ३ बाट निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालय, सर्लाहीले जनाएको छ । यता वाम-लोकतान्त्रिक गठबन्धनका राय सर्लाही क्षेत्र नं २ बाटै २०७४ मा पनि निर्वाचित भएका थिए ।

त्यसैगरी, सर्लाही-२ प्रदेशसभा (२)बाट नेपाली काङ्ग्रेसका कौशलकिशोर यादव प्रदेशसभा सदस्यमा विजयी भएका छन् । उनले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का उम्मेदवार मेभुर चौधरीलाई १७९ मतान्तरले पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय, सर्लाहीले जनाएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार यादवले नौ हजार ६२६ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी लोसपाका चौधरीले नौ हजार ४४७ मत पाए ।

**सिराहा-२ मा राजकिशोर यादव विजयी**

जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार राजकिशोर यादव निर्वाचित भएका छन् । यादवले नेपाली काङ्ग्रेसकी नेत्री चित्रलेखा यादवलाई पराजित गर्दै सिराहा-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

निर्वाचन आयोगका अनुसार राजकिशोरले २४ हजार १७८ मत प्राप्त गरेका छन् । त्यसैगरी, चित्रलेखा यादवले २३ हजार २८ मत पाएकी हुन् । उनीहरूका बीचमा एक हजार १५० मतान्तर रहेको छ । त्यसैगरी, जनमत पार्टीका उम्मेदवार विनोदकुमार यादव १६ हजार ९०२ मत प्राप्त गरी तेस्रो भएका छन् । सिराहा निर्वाचन क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यको निम्ति २४ जना उम्मेदवार प्रतिस्पर्धामा थिए ।

## बरामद सामान भन्सार चलान

प्रस, वीरगंज, ९ मङ्सिर/

सशस्त्र प्रहरी बलको वीरगंज भन्सार कार्यालयमा रहेको युनिटले साढे १३ लाख मूल्य बराबरको भगवान् बुद्धका मूर्तिका साथै बुद्धिस्टहरूले प्रयोग गर्ने मालालगायतका सामानहरू बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउटपोस्ट वीरगंजका सशस्त्र प्रहरी निरीक्षक रवीन्द्रप्रसाद भट्टले मङ्सिर ८ गते काठमाडौंबाट वीरगंज भन्सार भएर भारतको बोधगया जाँदै गरेको नेपाल-भारत मैत्री बसबाट सो परिमाणका सामग्री बरामद भएको बताए । उनले भगवान् बुद्धका मूर्ति, तामाको जलपयुक्त बुद्धिस्टहरूले प्रयोग गर्ने मालालगायतका सामानहरू बरामद भएको र उक्त सामानहरूलाई आवश्यक कारबाईका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सप्रनि भट्टले बताए ।






# खेलकूदको संसार

## अस्ट्रेलियाले ट्युनिसियालाई हरायो

काठमाडौं, १० मङ्सिर/रासस



कतारमा जारी विश्वकप फूटबल अन्तर्गत समूह 'डी'मा रहेको अस्ट्रेलियाले ट्युनिसियालाई पराजित गरेको छ । कतारको अल जानौब रङ्गशालामा आज भएको खेलमा अस्ट्रेलियाले ट्युनिसियालाई १-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । अस्ट्रेलियाको लागि मिचेल डुकले गोल गरे । खेलको २३औं मिनेटमा मिचेल डुकले गरेको एक गोल नै अस्ट्रेलियाको लागि निर्णायक गोल सबित भयो ।

यस जीतसँगै अस्ट्रेलियाले तीन अङ्क जोडेको छ । अस्ट्रेलिया पहिलो खेलमा फ्रान्ससँग पराजित भएको थियो । यता पराजित ट्युनिसिया पहिलो खेलमा डेनमार्कसँग बराबरी खेल्दै एक अङ्क जोडेको थियो ।

## नेदरल्यान्ड्स र इक्वेडरबीचको खेल बराबरीमा सकियो

कतारमा जारी फिफा विश्वकप फूटबल प्रतियोगितामा नेदरल्यान्ड्स र इक्वेडरबीचको खेल बराबरीमा सकिएको छ।

कतारको खालिफा अन्तर्राष्ट्रिय स्टेडियममा आज राति भएको खेलमा नेदरल्यान्ड्स र इक्वेडरबीचको खेल १-१ गोलको बराबरी सकिएको हो । यस बराबरी खेलसँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन् । निकै प्रतिस्पर्धात्मक बनेको खेलमा सुरुआती अग्रता भने नेदरल्यान्ड्सले लिएको थियो ।

खेलको छैटौं मिनेटमा कोडी गाक्पोले गोल गर्दै नेदरल्यान्ड्सलाई सुरुआती अग्रता दिलाएका थिए । खेलको ४९औं मिनेटमा इक्वेडरका इनर भ्यालेन्सियाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । यस बराबरीसँगै समूह 'ए'मा रहेका नेदरल्यान्ड्स र इक्वेडरले नकआउट चरणमा पुग्ने सम्भावना कायम राखेका छन् ।

नेदरल्यान्ड्सले दुई खेलमा चार अङ्क जोडेर शीर्ष स्थानमा रहेको छ । समान खेल खेलेको इक्वेडर चार अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ ।

नेदरल्यान्ड्सले पहिलो खेलमा सेनेगललाई २-० ले हराएको थियो । यस्तै, इक्वेडरले आयोजक कतारलाई २-० ले नै हराएको थियो । यस समूहमा सेनेगल तीन अङ्क जोडेर तेस्रो स्थानमा रहेको छ । यस समूहबाट आयोजक कतार भने लगातार दोस्रो हार बेहोर्दै समूह चरणबाट बाहिरिएको छ ।

## अमेरिका र इङ्ग्ल्यान्डबीचको खेल गोलरहित बराबरी

कतारमा जारी फिफा विश्वकप खेलमा अमेरिका र इङ्ग्ल्यान्डबीचको खेल गोलरहित बराबरीमा सकिएको छ । निर्धारित ९० मिनेटको खेल निकै प्रतिस्पर्धात्मक रहे पनि दुवै टोलीले कुनै गोल गर्न सकेनन् ।

कतारको अल बायट रङ्गशालामा भएको खेल बराबरी भएसँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन् । समूह 'बी'मा रहेका दुवै टोलीले अन्तिम १६ मा पुग्ने सम्भावना भने कायम राखेका छन् ।

समूह 'बी'मा इङ्ग्ल्यान्ड र अमेरिकासँगै इरान र वेल्स रहेका छन् । समूहका हरेक टोलीले दुई/दुई वटा खेल खेलिसकेका छन् । अहिलेसम्म इङ्ग्ल्यान्डले इरानलाई ६-२ ले पराजित र अमेरिकासँग गोलरहित बराबरी गरी चार अङ्क बनाएको छ ।

त्यस्तै, इरानले इङ्ग्ल्यान्डसँग पराजय बेहोरे पनि वेल्सलाई २-० ले पराजित गरी तीन अङ्क बटुलेको छ भने अमेरिकाले वेल्ससँग १-१ तथा इङ्ग्ल्यान्डसँग गोलरहित बराबरी गरी दुई अङ्क बनाएको छ । वेल्स भने इरानसँग हार र अमेरिकासँग बराबर खेली एक अङ्क मात्र बनाएको छ ।

अब यही मङ्सिर १४ गते बुधवार इङ्ग्ल्यान्ड र वेल्स तथा अमेरिका र इरानबीच हुने खेलले अन्तिम १६ मा पुग्ने दुई टोलीको निर्धारण हुनेछ । दुवै खेल एकै समय राति १२:४५ मा हुनेछ ।

## पोल्यान्डले साउदी अरेबियालाई हरायो

कतारमा जारी फिफा विश्वकप २०२२ अन्तर्गत समूह 'सी'को खेलमा पोल्यान्डले साउदी अरेबियालाई पराजित गरेको छ । कतारको एजुकेसन सिटी रङ्गशालामा आज भएको खेलमा पोल्यान्डले २-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो ।



पोल्यान्डको जीतमा पिटर जिलेन्स्की र रोबर्ट लेवान्डोस्कीले समान १-१ गोल गरे । साउदीले खेलको पहिलो हाफको इन्जुरी समयमा पाएको पेनाल्टीलाई सदुपयोग गर्न सकेन । खेलको ३९औं मिनेटमा जिलेन्स्कीले गोल गर्दै पोल्यान्डलाई सुरुआती अग्रता दिलाए । त्यस्तै, खेलको ८२औं मिनेटमा कप्तान रोर्बटले गोल गर्दै पोल्यान्डको जीत सुनिश्चित गरे ।

पहिलो खेलमा मेक्सिकोसँग गोलरहित बराबरीमा रोकिएको पोल्यान्डले दोस्रो खेलमा जीत हात पारेको हो । बलियो मानिएको अर्जेन्टिनालाई पहिलो खेलमा पराजित गरेको साउदीको भने यो पहिलो हार हो ।

पोल्यान्ड समूह 'सी'को शीर्ष स्थानमा रहेको छ भने साउदी दोस्रो स्थानमा रहेको छ । पोल्यान्डले चार, साउदी अरेबियाले तीन र मेक्सिकोले एक अङ्क जोडेका छन् । अर्जेन्टिनाले अङ्क जोडेको छैन ।

## ब्रह्माकुमारीद्वारा सांसद श्रेष्ठको सम्मान

प्रस, जीतपुर, १० मङ्सिर/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले बारा जिल्ला क्षेत्र नं ४ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य कृष्णाकुमार (किसान) श्रेष्ठलाई स्वागत तथा सम्मान गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका सांसद श्रेष्ठले शिवबाबाको शक्तिले आफूले जितेको बताए । उनले देशमा विद्यमान अन्याय, अत्याचार र सबैखाले विकृतिविरुद्ध आफ्नो सशक्त प्रतिकार हुने दाबी गरे । उनले आफ्नो पहिलो पारिश्रमिक ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमरालाई दिने घोषणा पनि गरे ।

कार्यक्रमकी सभापति मधु दिदीले किसान श्रेष्ठ कम बोल्ने र बढी गरेर देखाउने स्वभावका भएको बताइन् । उनले श्रेष्ठको कार्यकालको सफलताको लागि पनि कामना गरिन् ।



कार्यक्रममा उद्योग वाणिज्य सङ्घ सिमराका अध्यक्ष मोहन शर्मा, पत्रकार गम्भीरा सहनी, विदुर खड्कालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी, स्वागत ब्रह्माकुमार परमेश्वर भाइ र सहजीकरण ब्रह्माकुमारी ममता दिदीले गरेका थिए ।


## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड